
# हेटौंडा उपमहानगरपालिका स्थानीय भूउपयोग परिषदको मिति २०७९/०८/०८ को बैठकको निर्णयवाट स्वीकृत गरिएको हेटौंडा उपमहानगरपालिका सीमाना भित्र (वडा नं. १ देखि वडा नं. १९) को भूउपयोग क्षेत्र वर्गीकरण,२०७९

हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection Systen: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## (१) वडा नं. १ को जग्गा वर्गीकरण

### क) कृषि क्षेत्रः-

१. भैरवडाँडा, लालझाडी, थाकलडाँडा लालझाडी, माथिल्लो मैनटार, वलटोल, लामिडाँडा, ट्रान्समिटरडाँडा, शिखरकोट, घ्याङ्गसिङ्गटार, घट्टेखोला, फेदीगाउ, बोकेदह लगायत अन्य बाटोको १०० मिटर दायाँ वाँया बाहेकका जग्गाहरु र एकतारेको जग्गा।

### ख) आवासीय क्षेत्रः-

१. हेटौंडा उपमहानगरपालिका वडा नं. १ को रापि खोला पूर्व चौकिटोल, जरुवाटोल, चाइनाक्वाटर लगायतका रापि वारिका भित्री सडकहरुले भेट्ने जग्गाहरु, अमर स्कूल देखि भित्री चाइनाक्वाटरका जग्गाहरु, साथै मैनाटारका सबै जग्गाहरु, भैरवडाँडा, लालझाडी, थाकलडाँडा लालझाडी, माथिल्लो मैनटार, वलटोल, लामिडाँडा, ट्रान्समिटरडाँडा, शिखरकोट, घ्याङ्गसिङ्गटार, घट्टेखोला, फेदीगाँउ, बोकेदह लगायत अन्य बाटोको १०० मिटर दायाँ वायाँ रहेका जग्गाहरु।

### ग) व्यावसायिक क्षेत्रः-

१. बुद्धचोक देखि त्रिभुवनराजपथ हुदै चौकीटोल सिरान सम्म बाटो संग जोडिएका जग्गाहरु, पिपलबोट, स्वर्गद्वारी हुदै भण्डारी मेडिकल तथा बुद्धचोक देखि रापि पुल सम्मको जग्गा, चाइनाक्वाटर चाइनागेट देखि अमर स्कूल चोकसम्मका जग्गाहरु।

### घ) सार्वजनिक उपयोग (खेलकुद मैदान समेत) को क्षेत्रः-

१. साविकका सामुदायिक वनको सीमांकन (Demarcation) को जग्गाहरु।

**ङ) <u>सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र</u>:-**

१. भैरवडाँडाको भ्यूटावर, पाथिभरा मन्दिर क्षेत्र, शिव मन्दिर, सिंह भैरव मन्दिर क्षेत्रको जग्गाहरु।

## (२) वडा नं. २ को जग्गा वर्गीकरण

### क) आवासीय क्षेत्रः-

१. मकवानपुर बहुमुखी क्याम्पस अगाडि वनस्खण्डी रोड र शाखा बाटोहरु मनकामना चोकसम्मका जग्गाहरु,

२. चौकीटोल त्रिभुवन राजपथ भित्रका शाखा बाटोका जग्गाहरु,

३. सिद्धि विनायक टोल अन्तर्गतका शाखा बाटोका जग्गाहरु,

४. २ नं. वडा भित्रका बाँकि सबै भित्री शाखा बाटोका जग्गाहरु।

### ख) व्यावसायिक क्षेत्रः-

१. बुद्ध चोक देखि पूर्व २ नं. वडा र ५ नं. वडा सीमाना कान्तिलोक पथ साह मेडिकल सम्मका जग्गाहरु,

२. बुद्ध चोक देखि उत्तर चौकीटोल, कर चौकी, त्रिभुवन राजपथ सम्मका जग्गाहरु,

३. लोकप्रिय चोक देखि मानस चोक नगरपालिका, मनकामना चोक हुदै सानोपोखरा चोक सम्मका जग्गाहरु,

४. उद्योग वाणिज्य संघ देखि कांग्रेस चोक हुदै नयाँ मनकामना रोड सम्मका जग्गाहरु,

५. देवी पथ संगम चोक हुदै वाशुदेव मार्ग नयाँ मनकामना रोड सम्मका जग्गाहरु,

६. कृष्ण मन्दिर पिपल बोट देखि पुरानो मकवानपुर रोड संगम चोक हुदै सानोपोखरा चोक सम्मका जग्गाहरु,

७. ओम भवन देखि संगम चोक (प्रभाकर पथ) सम्मका जग्गाहरु,

८. प्रविन्द्र महर्जनको घर देखि संगम चोक मानस चोक हुदै खानेपानी बोर्ड सम्म (हरिकुन्ज रोड) का जग्गाहरु,

९. निलम लज पछाडि चस्मा पसलबाट कृष्ण मन्दिर सम्मका जग्गाहरु,

१०. मिलिजुली र विजय शान्ती टोल विकास सडकका जग्गाहरु,

११. दिव्य तारा वहुउद्धेश्यीय सहकारी देखि गणेश मन्दिर निस्कने बाटो (डिना उपाध्याय घर)का जग्गाहरु।

## (३) <u>वडा नं. ३ को जग्गा वर्गीकरण</u>

क) <u>कृषि क्षेत्रः</u>-

१. ३ नं. वडाको क्षेत्राधिकार भित्र रहेको मनकामना सरस्वती, सिमलथली, बसाहामहादेव, बुद्ध, लक्ष्मीनारायण, राई, मिलन, लेखपानी, दक्षिणकाली, लेवट, मोरङधाप, वालउज्ज्वल, जम्बु चौतारा, खाडीदमार लगायतका टोलको भित्री शाखा सडकको १००/१०० मिटर दायाँ वायाँ आसपासको क्षेत्र वाहेकका सम्पूर्ण जग्गाहरु र वौराटार टोलको भित्री शाखा सडकको २५/२५ मिटर दायाँ वायाँ क्षेत्र आसपासका क्षेत्र वाहेकका सम्पूर्ण जग्गाहरु।

ख) <u>आवासीय क्षेत्रः</u>-

१. ३ नं. वडाको क्षेत्राधिकार भित्र रहेको मनकामना सरस्वती, सिमलथली, बसाहामहादेव, बुद्ध, लक्ष्मीनारायण, राई, मिलन, लेखपानी, दक्षिणकाली, लेवट, मोरङधाप, वालउज्ज्वल, जम्बु चौतारा, खाडीदमार लगायतका टोलको भित्री शाखा सडकको १००/१०० मिटर दायाँ वायाँ आसपासको क्षेत्र र वौराटार टोलको भित्री शाखा सडकको २५/२५ मिटर दायाँ वायाँ आसपासको क्षेत्रका जग्गाहरु।

ग) <u>व्यावसायिक क्षेत्रः</u>-

१. ३ नं. वडाको क्षेत्राधिकार भित्र पर्ने महेन्द्र राजमार्ग दायाँ वायाँ आसपासको सम्पूर्ण क्षेत्रको जग्गाहरु।

## (४) वडा नं. ४ को जग्गा वर्गीकरण

### क) आवासीय क्षेत्रः-

१. सूर्य भैरव टोल, सृजना टोल, समाज कल्याण टोल क्षेत्रका जग्गाहरु,

२. मित्र नगर टोल, श्रद्धानगर टोल, वीरेन्द्र नगर टोल क्षेत्रका जग्गाहरु,

३. प्रतिभानगर टोल, चिल्ड्रेनपार्क टोल, श्रमिक टोल क्षेत्रका जग्ग्गाहरु,

४. गर्दोई भित्री सडक, तेन्जिंग टोल, युद्ध प्रसाद टोल क्षेत्रका जग्गाहरु,

५. भुवन सिंह पथ भित्री सडकले छोएका जग्गाहरु,

६. एकता नगर र वीरेन्द्र पथ सडकले छोएका जग्गाहरु,

७. चिसापानी भित्री सडक, पृथ्वी पथ भित्री सडकले छोएका जग्गाहरु,

८. पारिजात पथ देखि भित्री साना सडकले छोएका जग्गाहरु,

९. बुद्ध टोल भित्री सडकले छोएका जग्गाहरु।

### ख) व्यावसायिक क्षेत्रः-

१. कर्रा देखि वुद्ध चोक मेनरोडसडकले छोएका जग्गाहरु,

२. बुद्ध चोक भैरव रोड कान्तिराजपथ सडकले छोएका जग्गाहरु,

३. भैरव रोड देखि चिसापानी क्षेत्रका जग्गाहरु,

४. चिसापानी देखि कर्रा गर्दोई क्षेत्रका जग्गाहरु,

५. ख्वप गल्लि, स्कूल रोड, अजर अमर रोड सडकले छोएका जग्गाहरु,

६. नन्द, बैंक अफ काठमाण्डौ, गरुड पथ सडकले छोएका जग्गाहरु,

७. नगर विकासको मूल रोड, पारिजात पथ, बुद्धपथ सडकले छोएका जग्गाहरु,

८. भुवन सिंह पथ, रजत जयन्ती रोड, भुवनेश्वर रोड सडकले छोएका जग्गाहरु,

९. नगर विकास देखि भुवनेश्वर रोड सडकले छोएका जग्गाहरु।

## (५) वडा नं. ५ को जग्गा वर्गीकरण

### क) आवासीय क्षेत्रः-

१. कान्तिलोकपथ देखि माछाप्लान सम्म, सानोपोखरा चोक देखि दक्षिण-पश्चिम पुष्पलाल पार्क हुदै भैरवरोड देखि शान्तीनगर कमाने जाने पुल सम्मको बाटोको दायाँ वायाँका जग्गाहरु बाहेकका अन्य जग्गाहरु।

### ख) व्यावसायिक क्षेत्रः-

१. कान्तिलोकपथ देखि माछाप्लान सम्म, सानोपोखरा चोक देखि दक्षिण-पश्चिम पुष्पलाल पार्क हुदै भैरवरोड देखि शान्तीनगर कमाने जाने पुल सम्मको बाटोको दायाँ वायाँका जग्गाहरु।

## (६) वडा नं. ६ को जग्गा वर्गीकरण

क) आवासीय क्षेत्रः-

१. कान्तिलोकपथको दायाँ वायाँ र मदन भण्डारी लोकमार्ग (धरान-चतारा सडक)को दायाँ वायाँ वाहेक अन्य सडकले छोएका भित्री जग्गा तथा अन्य जग्गाहरु।

ख) व्यावसायिक क्षेत्रः-

१. कान्तिलोकपथको दायाँ वायाँ र मदन भण्डारी लोकमार्ग (धरान-चतारा सडक)को दायाँ वायाँका जग्गाहरु।

## (७) वडा नं. ७ को जग्गा वर्गीकरण

क) आवासीय क्षेत्रः-

१. चक्रपथ सडकबाट ५० मिटर भित्र दायाँ वायाँ दुवै तर्फ र वडा नं. ७ का अन्य सम्पूर्ण जग्गाहरु।

ख) व्यावसायिक क्षेत्रः-

१. चक्रपथ सडक अन्तर्गत वडा नं. ७ र ८ को सीमाना (मिलनचोक) देखि पूर्व तर्फ वडा नं. ६ र ७ को सीमाना (हरियाली टोल) सम्मको सडकको दायाँ वायाँ दुवै तर्फका जग्गाहरु।

## (८) वडा नं. ८ को जग्गा वर्गीकरण

**क) कृषि क्षेत्रः-**

१. देवनगर टोल विकास समितिको कर्रा खोला देखि दक्षिण तर्फ र खहरे देखि पूर्व तर्फका जग्गाहरु,

२. विन्दावासिनी टोल विकास समितिको च्यानडाँडा आसपासका जग्गाहरु।

**ख) आवासीय क्षेत्रः-**

१. ओमनगर टोल विकास समितिको २ नं र ३ नं बाटो बाहेक भित्री बाटोको जग्गाहरु,

२. श्रमिकटोल विकास समितिको क्षेत्र भित्रको भित्री बाटोका जग्गाहरु,

३. मिलन टोल विकास समितिको क्षेत्र भित्रको भित्री बाटोका जग्गाहरु,

४. सूर्यदय टोल विकास समितिको क्षेत्र भित्रको बाटोका जग्गाहरु,

५. देवनगर टोल विकास समितिको क्षेत्र भित्रको भित्री बाटोका जग्गाहरु,

६. विन्दावासिनी टोल विकास समितिको क्षेत्र भित्रको भित्री बाटोका जग्गाहरु,

७. कालिका टोल विकास समितिको क्षेत्र भित्रको भित्री बाटोका जग्गाहरु,

८. राजपानी टोल विकास समितिको क्षेत्र भित्रको सबै जग्गाहरु,

९. मनकामना टोल विकास समिति (क) र (ख) क्षेत्र भित्रको सबै जग्गाहरु,

१०. विकास टोल विकास समितिको क्षेत्र भित्रको भित्री बाटोका जग्गाहरु,

११. किरण चोक फायरलाइन टोल विकास समितिको क्षेत्र भित्रको भित्री बाटोका जग्गाहरु,

१२. कर्णवती टोल विकास समितिको क्षेत्र भित्रको भित्री बाटोका जग्गाहरु,

१३. सृजना टोल विकास समितिको क्षेत्र भित्रको सबै जग्गाहरु।

**ग) व्यावसायिक क्षेत्रः-**

१. ओमनगर टोल विकास समितिको २ नं र ३ नं बाटोले छोएका जग्गाहरु,

२. श्रमिक टोल विकास समितिको क्षेत्र भित्रको मेनरोडले छोएका जग्गाहरु,

३. मिलन टोल विकास समितिको क्षेत्र भित्रको मेनरोडले छोएका जग्गाहरु,

४. नवदुर्गा टोल विकास समितिको क्षेत्र भित्रको जग्गाहरु,

५. मैदा टोल विकास समितिको क्षेत्र भित्रको जग्गाहरु,

६. कालिका टोल विकास समितिको क्षेत्र भित्रको मेनरोडले छोएको जग्गा र निम चौतारा देखि उत्तर तर्फको कर्रा पुल सम्मको बाटोमा पर्ने जग्गाहरु,

७. नमूना टोल विकास समितिको क्षेत्र भित्रको सबै जग्गाहरु,

८. विकास टोल विकास समितिको क्षेत्र भित्रको मेनरोडले छोएको जग्गाहरु,

९. किरण चोक फायरलाइन टोल विकास समितिको क्षेत्र भित्रको २५ मिटर बाटोले छोएको जग्गाहरु,

१०. किरण चोक ७ र ८ टोल विकास समितिको क्षेत्र भित्रको सबै जग्गाहरु,

११. कर्णवती टोल विकास समितिको मिलन चोक देखि उत्तर क्याम्पा डाँडाको पुल सम्मको बाटोले छोएको जग्गाहरु।

## (९) <u>वडा नं. ९ को जग्गा वर्गीकरण</u>

**क) <u>आवासीय क्षेत्र</u>ः-**

१. व्यावसायिक तथा औधोगिक क्षेत्र वाहेकका क्षेत्रका जग्गाहरु।

**ख) <u>व्यावसायिक क्षेत्र</u>ः-**

१. हेटौंडा-९ कर्रा खोलादेखि दक्षिण (महेन्द्र राजमार्ग) आसपास प्रचण्डमानको घर सम्मको जग्गाहरु।

**ग) <u>औधोगिक क्षेत्र</u>ः-**

१. हेटौंडा सिमेन्ट उद्योगको स्वामित्वमा रहेको जग्गाहरु।

## (१०) वडा नं. १० को जग्गा वर्गीकरण

### क) आवासीय क्षेत्रः-

१. न्युरेनी टोल विकास समितिको क्षेत्र भित्रका जग्गाहरु,

२. कर्रा मेनरोड पुरानो सडक भित्र सफल टोल र नमूना टोल विकास समिति क्षेत्र भित्रका जग्गाहरु,

३. TCN रोड देखि भित्र आनन्द टोल क्षेत्रका जग्गाहरु,

४. वाईपास देखि भित्र धिताल पथका जग्गाहरु,

५. मेनरोड देखि भित्र सुरेन्द्र विष्टको घर जाने बाटोका जग्गाहरु,

६. मेनरोड देखि भित्र नेको इन्सुरेन्स हुदै वाइपास सडक जाने भित्री बाटोका जग्गाहरु।

### ख) व्यावसायिक क्षेत्रः-

१. रासि पुल बाट रासि रोड हुदै वुद्ध चोक सम्मका जग्गाहरु,

२. वुद्ध चोक देखि सिमा चोक हुदै मेनरोड कर्रा पुल सम्मका जग्गाहरु,

३. रासिरोड हुदै वासुदेव मार्ग वसपार्क सम्मका जग्गाहरु,

४. वसपार्क देखि उत्तर तर्फ रासि रोड सम्मका जग्गाहरु,

५. मेनरोड सिमा चोक देखि TCN रोड हुदै वाईपास सडक वसपार्क सम्मका जग्गाहरु,

६. वसपार्क देखि वाईपास सडक हुदै राम मन्दिर, भुटनदेवी रोड, तुलसी मेहर बोर्डिंग स्कूल सम्मका जग्गाहरु,

७. सोलिडारिटी स्कूल देखि मेनरोड, रुद्र पथसम्मका जग्गाहरु,

८. वाईपास सडक पिपलबोटदेखि नेत्रज्योति टोल विकास समितिको क्षेत्र आँखा अस्पतालसम्मका जग्गाहरु,

९. वाईपास क्षेत्रका जग्गाहरु।

## (११) <u>वडा नं. ११ को जग्गा वर्गीकरण</u>

**क) <u>कृषि क्षेत्र</u>ः-**

१. तल्लोतालको तल्लो क्षेत्रको जग्गाहरु।

**ख) <u>आवासीय क्षेत्र</u>ः-**

१. वडा नं. ११ अन्तर्गतका कृषि र व्यावसायिक क्षेत्र (उल्लेख भए बमोजिम) वाहेकका क्षेत्रको सबै जग्गाहरु।

**ग) <u>व्यावसायिक क्षेत्र</u>ः-**

१.तल्लो थानाभञ्याङ्ग र माथ्लो थानाभञ्याङ्ग भएर जाने पूर्व-पश्चिम (महेन्द्र) राजमार्गको दायाँ वायाँ करिव १०० मिटर सम्मको क्षेत्रका जग्गाहरु।

## (१२) <u>वडा नं. १२ को जग्गा वर्गीकरण</u>

### क) <u>कृषि क्षेत्र</u>ः-

१. गोठदमार टोल विकास समितिको क्षेत्र अन्तर्गत पूर्व गैडाधाप मेनरोडको मुनि र कुखुराको फार्मबाट मुनि, पश्चिम चकरी खोला, उत्तर गोठदमार खोला र दक्षिण तितुङ बाजेको घर मुनि यति चार किल्ला भित्रको जग्गाहरु,

२. श्रीजनशील टोल विकास समितिको क्षेत्र अन्तर्गत पूर्व कोत्रा खोल्सी, पश्चिम वाइवा टोल खोल्सी, उत्तर राप्ति खोला र दक्षिण सामुदायिक वन यति चार किल्ला भित्रको जग्गाहरु,

३. हरियाली गुरौ टोल विकास समितिको क्षेत्र अन्तर्गत पूर्व पशुपति मन्दिरबाट ज्ञान बहादुर श्रेष्ठको घर जाने बाटोबाट ५० मिटर छोडेर, पश्चिम गाड खोल्सी, उत्तर पशुपति मन्दिरबाट प्याकुरेलको घर हुदै आल्दमार पक्कि पुल जाने बाटो र दक्षिण चारघरे रमणटार बाटोबाट ५० मिटर छोडेर यति चार किल्ला भित्रको जग्गाहरु।

### ख) <u>आवासीय क्षेत्र</u>ः-

१. वडा नं.१२ अन्तर्गत उल्लेखित (कृषि क्षेत्र) बमोजिम वाहेकका बाँकी रहेका जग्गाहरु।

## (१३) वडा नं. १३ को जग्गा वर्गीकरण

### क) आवासीय क्षेत्रः-

१. वनस्पति, जडिवुटी, सहारा, नमूना र विन्दावासिनी टोल विकास समितिको क्षेत्र,

२. शान्ती समाज टोल विकास समितिको क्षेत्र,

३. गौरव टोल विकास समितिको क्षेत्र,

४. सक्रिय (ठूलोथली) टोल विकास समितिको क्षेत्र - गैरी टोलको पश्चिमतर्फ खेलकुद मैदान र अन्य जग्गाहरु,

५. सम्बुद्धि टोल विकास समितिको क्षेत्र,

६. समाज सेवी टोल विकास समितिको क्षेत्र,

७. पवित्र टोल विकास  समितिको क्षेत्र,

८. हरियाली टोल विकास समितिको क्षेत्र,

९. आदामार टोल विकास समितिको क्षेत्र,

१०. म्हेन्दोलिङ (गुरुङ प्रताप) टोल विकास समितिको क्षेत्र,

११. कोको म्हेन्दो (ठाडो रोड) टोल विकास समितिको क्षेत्र,

१२. नमोबुद्ध टोल विकास समितिको क्षेत्र,

१३. मुस्कान (ठूलोथली) टोल विकास समितिको क्षेत्र,

१४. सिरान टोल टोल विकास समितिको क्षेत्र,

१५. सुन्दरवस्ती टोल विकास समितिको क्षेत्र,

१६. पिपलबोट टोल विकास समितिको क्षेत्र,

१७. पदम विनायक टोल विकास समितिको क्षेत्र,

१८. पद्मसम्भव टोल विकास समितिको क्षेत्र - मेन रोडको दायाँ  वायाँ घरहरु अवस्थित रहेको र अन्य जग्गाहरु,

१९. तीनकुने टोल विकास समितिको क्षेत्र,

२०. रमणथली टोल विकास समितिको क्षेत्र,

२१. सिर्जनशील टोल विकास समितिको क्षेत्र,

२२. हिमचुली टोल विकास समितिको क्षेत्र।

**ख) <u>व्यावसायिक क्षेत्र</u>:-**

१. सक्रिय (ठूलोथली) टोल विकास समितिको क्षेत्र - राम सिङ गोलेको घर देखि दक्षिण पदम गोलेको घर सम्म मेनरोडका जग्गाहरु,

२. पद्मसम्भव टोल विकास समितिको क्षेत्र - बुद्धचोक, साङ्गेचोक हुदै आदामार सीमाना र कोको म्हेन्दो सीमानासम्मका जग्गाहरु।

## (१४) वडा नं. १४ को जग्गा वर्गीकरण

**क) आवासीय क्षेत्रः-**

१. उत्तरपानी क्षेत्रका जग्गाहरु,

२. नयाँवस्ती क्षेत्रका जग्गाहरु,

३. वनेलधाप क्षेत्रका जग्गाहरु,

४. कालोपानी क्षेत्रका जग्गाहरु,

५. मयुरधाप क्षेत्रका जग्गाहरु।

**ख) औधोगिक क्षेत्रः-**

१. कालोपानी र उत्तरपानी बीचको विजौरी दमार क्षेत्रको जग्गाहरु।

**ग) वन क्षेत्रः-**

१. १४ नं. वडाको नम्बरी जग्गा बाहेक दक्षिणी भागको जग्गा क्षेत्र।

**घ) नदी, खोला, ताल, सिमसार क्षेत्रः-**

१. मयुरधापको उत्तरी भागको नम्वरी जग्गा बाहेकको खोला/नदी उकास जग्गा/क्षेत्र।

**ङ) सार्वजनिक उपयोग (खेलकुद मैदान समेत) को क्षेत्रः-**

१. गैरीटोलको खोला उकासको जग्गा/क्षेत्र।

## (१५) वडा नं. १५ को जग्गा वर्गीकरण

### क) कृषि क्षेत्रः-

१. साबिक रातोमाटे ३, ६ र ८ (हाल हेटौंडा-१५) को बंगेरी, चिप्लेटी, बाँसघारी, घट्टेदमार, सल्लाघारी, कर्नेखोला, कमेरोपानीका जग्गाहरु (पूर्वः हटिया, पश्चिमः जितपुर सिमरा र निजगढ न.पा, उत्तरः जङ्गल, दक्षिणः जङ्गलसम्म चार किल्ला कायम भएको)।

### ख) आवासीय क्षेत्रः-

१. साबिक रातोमाटे ३ (हाल हेटौंडा-१५) को रातोमाटे चोक देखि आशिष चोक सम्म १०० मिटर भन्दा वरपरको जग्गाहरु (पूर्वः सशस्त्र प्रहरी गण, पश्चिमः खहरे, उत्तरः मानेडाँडा, दक्षिणः महेन्द्र राजमार्गसम्म चार किल्ला कायम भएको),

२. साबिक रातोमाटे ३ (हाल हेटौंडा-१५) को आशिष चोकबाट माथि पिस पार्क ठूलो सुकौली तथा सशक्ति टोल, सिमसार टोल, प्रगति टोल, शान्ती टोलका जग्गाहरु (पूर्वः सशस्त्र प्रहरी गण, पश्चिमः खहरे, उत्तरः जङ्गल, दक्षिणः रातोमाटे चोकसम्म चार किल्ला कायम भएको),

३. साबिक रतोमाटे ३, ५, ६, ७, ८ र ९ (हाल हेटौंडा-१५) को रातोमाटे विक्रम चोक देखि पूर्व तर्फ हटिया सीमाना सम्मको चक्रपथ बाटोको १०० मिटरभन्दा वरपरको जग्गाहरु (पूर्वः हटिया सीमाना, पश्चिमः रातोमाटे चोक, उत्तरः दमारटोल र जङ्गल, दक्षिणः ठुलोसुकौली, कमाने, भोर्ले, पनेश डाँडा, जाते डाँडा, शिखरपानी डाँडासम्म चार किल्ला कायम भएको),

४. साबिक रातोमाटे ४ (हाल हेटौंडा-१५) को सयफुट, सानो सुकौली क्षेत्रको जग्गाहरु (पूर्वः खहरे, पश्चिमः महेन्द्र राजमार्ग, उत्तरः महेन्द्र राजमार्ग, दक्षिणः चुरे सीमाना जङ्गलसम्म चार किल्ला कायम भएको),

५. साविक रातोमाटे ५ (हाल हेटौंडा-१५) को फायरलाइन, शिवम रोड हुदै हटिया सीमाना सम्मको १०० मिटरभन्दा वरपरको जग्गाहरु (पूर्वः हटिया सीमाना, पश्चिमःमहेन्द्र राजमार्ग, उत्तरः हेटौडा उपमहानगरपालिका ६, ७ र ८, दक्षिणः जङ्गलसम्म चार किल्ला कायम भएको),

६. साबिक रातोमाटे ९ (हाल हेटौंडा-१५) को चुरियामाई मा.बि. हुदै प्रणामी चोक सम्म १०० मिटर भन्दा वरपरको जग्गाहरु (पूर्वः हटिया सीमाना, पश्चिमः चित्रेपानी खहरे, उत्तरः हेटौडा उपमहानगरपालिका ६, दक्षिणः चुरियामाई, हटिया चक्रपथ बाटोसम्म चार किल्ला कायम भएको)।

**ग) <u>व्यावसायिक क्षेत्र</u>ः-**

१. साबिक रातोमाटे ३ (हाल हेटौंडा-१५) को रातोमाटे चोक देखि आशिष चोक सम्म १०० मिटर भित्रको जग्गाहरु (पूर्वः सशस्त्र प्रहरी गण, पश्चिमः खहरे, उत्तरः मानेडाँडा, दक्षिणः महेन्द्र राजमार्गसम्म चार किल्ला कायम भएको),

२. साबिक रातोमाटे ३, ५, ६, ७, ८ र ९ (हाल हेटौंडा-१५) को रातोमाटे विक्रम चोक देखि पूर्व तर्फ हटिया सीमाना सम्मको चक्रपथ बाटोको १०० मिटर भित्रको जग्गाहरु (पूर्वः हटिया सीमाना, पश्चिमः रातोमाटे चोक, उत्तरः दमारटोल र जङ्गल, दक्षिणः ठूलोसुकौली, कमाने, भोर्ले, पनेश डाँडा, जाते डाँडा र शिखरपानी डाँडासम्म चार किल्ला कायम भएको),

३. साबिक रातोमाटे ५ (हाल हेटौंडा-१५) को फायरलाइन, शिवम रोड हुदै हटिया सीमाना सम्मको १०० मिटर भित्रको जग्गाहरु (पूर्वः हटिया सीमाना, पश्चिमः महेन्द्र राजमार्ग, उत्तरः हेटौडा उपमहानगरपालिका ६,७ र ८, दक्षिणः जङ्गलसम्म चार किल्ला कायम भएको),

४. साबिक रातोमाटे ९ (हाल हेटौंडा-१५) को चुरियामाई मा.बि. हुदै प्रणामी चोकसम्मका १०० मिटर भित्रको जग्गाहरु (पूर्वः हटिया सीमाना, पश्चिमः चित्रेपानी खहरे, उत्तरः हेटौंडा उपमहानगरपालिका वडा नं. ६, दक्षिणः चुरियामाई र हटिया चक्रपथ बाटोसम्म चार किल्ला कायम भएको)।

## (१६) वडा नं. १६ को जग्गा वर्गीकरण

**क) कृषि क्षेत्रः-**

१. शक्तिखोला/आकाश धारा साजवोटे क्षेत्रको जग्गाहरु।

**ख) आवासीय क्षेत्रः-**

१. व्यावसायिक क्षेत्र र कृषि क्षेत्रमा वर्गीकृत वाहेक बाँकी सम्पूर्ण क्षेत्रका जग्गाहरु।

**ग) व्यावसायिक क्षेत्रः-**

१. मदन भण्डारी लोक मार्ग (धरान-चतरा सडक) बाट ३०० मिटर दायाँ वाँया क्षेत्रको जग्गाहरु।

## (१७) वडा नं. १७ को जग्गा वर्गीकरण

क) कृषि क्षेत्रः-

१. पूर्व मरनघाट खहरे देखि पश्चिम गंगटे खहरे खोला देखि पूर्व-दक्षिण वस्तीको उत्तर तर्फ र चुच्चेखोला एक्लेखेत सडकको दक्षिण १०० मिटरको क्षेत्र वाहेकको क्षेत्र र हाल चलनचल्तिमा रहेका वा सार्वजनिक भएको शाखा पक्कि तथा कच्चि सडकको ६ मिटर भन्दा माथिका सडकको दायाँ वायाँ ७५ मिटर वाहेकको जग्गाहरु।

ख) आवासीय क्षेत्रः-

१. उल्लेखित व्यावशायिक क्षेत्र र कृषि क्षेत्रमा तोकिएका जग्गा वाहेक हाल वसोवास रहेका जग्गाहरु। साथै पूर्व १८ नं. वडाको सीमाना खहरे, पश्चिम १६ नं र ६ नं वडा सीमाना, दक्षिण सामुदायिक वन, उत्तर वाल वोध स्कूल आसपास भाग देखि अंगारे पत्केरी, छमुरे फाँट र शिवम् सिमेन्ट कारखाना सम्मको क्षेत्रका जग्गाहरु।

ग) व्यावसायिक क्षेत्रः-

१. चुच्चे खोला, चुनडाँडा, राजदेवी सडक खण्डको १०० मिटर दायाँ वायाँको जग्गा, धरान चतरा सडक खण्डको उत्तर दक्षिण २०० मिटर दायाँ वायाँको जग्गा र पुरानो फायरलाइन चिसापानी चोक देखि शुक्र बहादुर प्रजाको घर पूर्व खहरे देखि उत्तर तर्फ १०० मिटर दायाँ वायाँको जग्गाहरु।

## (१८) वडा नं. १८ को जग्गा वर्गीकरण

क) कृषि क्षेत्रः-

१. १८ नं. वडामा रहेको महादेव खोला देखि हर्नामाडी फाँट वा कर्रा खोला सम्म पर्ने रिंग रोड (चुच्चे खोला एक्लेखेत सडक) को साथै उक्त क्षेत्रमा रहेको शाखा सडकको १०० मिटर सम्म दायाँ वायाँ वाहेकको सम्पूर्ण जग्गाहरु।

ख) आवासीय क्षेत्रः-

१. मदन भण्डारी लोकमार्गको १०० मिटर दायाँ वायाँ क्षेत्र बाहेकको बरौली खोलासम्मको क्षेत्रको जग्गाहरु, कर्रा खोला देखि कमला देवी मन्दिर चुच्चेखोला एक्लेखेत सडकको १०० मिटर दायाँ बाहेकको एक्लेखेत बरौली खोलाबाट शाखा सडकको दायाँ वायाँ १०० मिटरको क्षेत्रको जग्गाहरु, महादेव खोलादेखि पूर्व कर्रा खोला सम्म १०० मिटर दायाँ वायाँ र शाखा सडकको दायाँ वायाँ १०० मिटर क्षेत्रका जग्गाहरु।

ग) व्यावसायिक क्षेत्रः-

१. १८ नं. वडामा रहेको भोर्ले खहरे देखि फुर्केचौर, मदन भण्डारी लोकमार्ग सडकको दायाँ वायाँ १०० मिटर सम्मका जग्गा र कर्रा खोला देखि कमला देवी मन्दिर, चुच्चे खोला एक्लेखेत सडकको १०० मिटर दायाँ वायाँका जग्गाहरु।

घ) वन क्षेत्रः-

१. मदन भण्डारी लोकमार्ग देखि आमखोला सामुदायिक वन, कालिलेक सामुदायिक वन, ज्योति सामुदायिक वन, गोरक्षेश्वर सामुदायिक वनक्षेत्रले चर्चेको जग्गाहरु।

**(१९) <u>वडा नं. १९ को जग्गा वर्गीकरण</u>**

**क) <u>कृषि क्षेत्र</u>ः-**

१. बस्तीपुर देखि माथिल्लो क्षेत्रमा पर्ने कुवापानी, सिरानचोक, पन्द्रसोला, ज्यामिरे, युवा जागरण, लेकपानी डुमारे टोल विकास समिति अन्तर्गत पर्ने जग्गाहरु।

**ख) <u>आवासीय क्षेत्र</u>ः-**

१. नेवारपानी क्षेत्रमा पर्ने गुम्बाटोल, महादेव स्थान, सातधारा, शान्तीटोल, वड्कौले र तपोवन टोल विकास समितिको क्षेत्र भित्र (अन्तर्गत) पर्ने जग्गाहरु,

२. वस्तीपुर क्षेत्रका वासुदेव, जागरणटोल, मौवाटार, क्याम्पाडाँडा, वस्तीपुर पुलचोक, प्रगतिशील, लोकतान्त्रिक टोल विकास समिति अन्तर्गत पर्ने जग्गाहरु।

**ग) <u>व्यावसायिक क्षेत्र</u>ः-**

१. हेटौंडा उपमहानगरपालिका वडा नं. १९ अन्तर्गत महेन्द्र राजमार्गको आसपासको क्षेत्रका जग्गाहरु।